# डायास्पोराका पुस्तक पुरस्कार र अन्य पुरस्कारहरुका परिचय र चर्चा

एन्आर्एन्ले संगठित संस्थाको दायित्व बोकेर आप्रवासीको हक र अधिकारको लागि लड्ने, नेपालको विकासमा सहयोग पुराउने र आप्रवासमै पनि नेपालीको पहिचानलाई दिगो राख्न काम गरिरहेको छ । हुन त आप्रवासी नेपालीहरुले एन्आर्एन् संगठित संस्था बन्नु अगि र पछि पनि प्रत्यक्ष वा परोक्ष्य रुपमा केही न केही त काम गरिनै रहेका थिए र कसैले रोके पनि नेपालीले नेपाल र नेपालीकै पहिचान र अस्तित्वको लागि हातमाले गरी लड्ने काम यो कहिल्यै बन्द हुन्न । त्यसको मात्रा रुप र गुणमा पृथकता हुनु स्वाभाविक पनि हो । त्यस्तै आप्रवासी नेपालीका स्वतः स्फुर्त संगठित सेवामध्ये एक हो डायास्पोराको सर्वोत्कृष्ट पुस्तक पुरस्कारको संचालन । यो पुरस्कार १९९१ मा स्थापित अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले स्थापना गरेको हो । कुनै पनि जातीय पहिचानलाई दिगो बनाउन धेरै कुराको महत्वपूर्ण भूमिका हुन्छ । तीमध्ये यौटा मुख्य पक्ष हो त्यसको भाषा र साहित्य । त्यसैले नेपाली डायास्पोराले पनि नेपाली पहिचानलाई दिगो राख्न यो पुरस्कारको स्थापना र संचालन गरेको हो । यो पुरस्कारको प्रमुख उद्देश्यः नेपाली साहित्यलाई अन्तर्राष्ट्रिय पहिचान दिलाउन उत्साह प्रदान गर्नु हो । यसको नाम **अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सर्वोत्कृष्ट पुस्तक पुरस्कार** राखिएको छ । यसको साथ अरु पुरस्कार पनि राखिएका छन् ।

क. **अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सर्वोत्कृष्ट पुस्तक पुरस्कार**

**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सर्वोत्कृष्ट पुस्तक पुरस्कार**का देहाय बमोजिमका १३ वटा विभिन्न पुरस्कार छन् ।

### १. अन्तर्राष्ट्रिय नेपाली साहित्य सर्वोत्कृष्ट पुस्तक पुरस्कार

अन्तर्राष्ट्रिय नेपाली साहित्य सर्वोत्कृष्ट पुस्तक पुरस्कार सबैभन्दा उत्कृष्ट साहित्यिक कृतिलाई रु १००,०००। नगद छ । यो पुरस्कार पहिले स्रग्धराको लागि रमेश खकुरेलले दोस्रो पटक नयाँ ईश्वरको घोषणाको लागि गोपाल पराजुलीले र यस वर्ष डा. गोविन्दराज भट्टराई विजयी घोषित भएका छन् । उनको विजयी कृति **'उत्तर आधुनिक ऐना'** समालोचना सिद्धान्त हो, यो आत्मपरक शैलीमा लेखिएको छ । यो शैली गोविन्दराजको मन परेको शैली हो । यसमा नेपाली साहित्यका २५वटा समीक्षा छन् । यी समीक्षाको सारांशमा उनी लेख्छन्–'नेपाली साहित्य विविधता युक्त र प्रयोगोन्मुख हुदैछ ।' यसले नेपाली साहित्यका सिर्जनाहरुमा विधा, क्षेत्र, शैली र परिणाम बदलिएको देखाउँछ । नयाँ विचित्रतातिर, बहुलतातिर र भोलीको पुस्तालाई प्रेरणा र प्रोत्साहनतिर यो अग्रसर छ ।



डा. गोविन्दराज भट्टराईको जन्म दमक नगर पालिका–९, झापा, मेचीमा, ०४/१२/२०१० मा भएको हो । एम.ए.एम्.एड्. र पीएच्. डी. (भाषा विज्ञान) गरी अंग्रेजी प्राध्यापन गर्दागर्दै ऐले शिक्षा शास्त्र अध्ययन संकायको सहायक डिनमा सेवारत । उनका प्रकाशित कृतिहरु हुन्: समालोचना सिद्धान्त–आख्यानको उत्तरआधुनिक पर्यावलोकन, पश्चिमी बलेसीका बाछिटा, उत्तरआधुनिक ऐना, कथा–तीनधारा (सहलेखन), यिबोन्ड द फन्टियर्सः विमिन्स स्टोरिज फ्रम नेपाल (सम्पादन), द्वन्द्व र युद्धका कथा नेपाली कथा (सम्पादन, उपन्यास–मुगलान, मणिपुरको चिठ्ठी, सुकरातका पाइला, निबन्ध संग्रह–एक्लै एक्लै एक्लै, विश्वविद्यालयमा अग्निपूजा । प्रकाशोन्मुख छ समालोचनाको सिद्धान्त– उत्तरआधुनिक विमर्श ।

### २. सर्वोत्कृष्ट नारी हस्ताक्षरका लागि स्वर्गीय श्री डिल्लीराम तिमसिना पुस्तक पुरस्कार

सर्वोत्कृष्ट नारी हस्ताक्षरका लागि स्वर्गीय श्री डिल्लीराम तिमसिना पुस्तक पुरस्कार नारी साहित्यिकारका नेपाली साहित्यिक कृतिहरु मध्ये सबैभन्दा उत्कृष्ट साहित्यिक कृतिलाई रु. २५,०००। नगद छ । यो पहिले बिस हजार मात्र थियो । पछि थप गरी २५ हजार बनाइएको हो । यो पुरस्कारका प्रायोजक सुमनराज तिमसिना र रुद्रराज

तिमसिना हुन् जसले डिल्लीराम तिमसिना फाउन्डेशनबाट प्रायोजन गरेका छन् । यो पुरस्कार सुधा त्रिपाठीले २००३ मा पाइन् र २००५को कमला सरुप र प्रमिला शर्माले दुइजनाले संयुक्त रुपमा लिए । २००७ को 'सानीको साहस'मा शर्मिला खड्काले जितेकी छिन् । सानीको साहस यो वालमनोवैज्ञानिक उपन्यास हो । यो ८० पृष्ठको छ र यसलाई तेजबहादुर दहालले प्रकाशन गरेको हो । शर्मिला खड्का दाहाल को जन्म २०२३ सालमा भोटे पुल, धरानमा भएको हो । शिक्षा बि.ए, पेशा गा.वि.स.शिक्षिका इटहरीमा, लेखनमा कथा, कविता लेख्ने भए पनि धेरैजसो बाल साहित्य, उपन्यास लेखन र प्रौढमा कथा लेख्ने उनको बानी छ ।

३. **सर्वोत्कृष्ट नव प्रतिभाका लागि स्वर्गीय श्री डिल्लीराम तिमसिना पुस्तक पुरस्कार** साहित्यकारका पहिलो पटक प्रकाशित साहित्यिक कृतिहरु मध्ये सबैभन्दा उत्कृष्ट कृतिलाई रु २००००।०० नगद छ । यो पहिले पन्ध्र हजार मात्र थियो पछि थप गरी २० हजार बनाइएको हो । यो पुरस्कारका पनि प्रायोजक सुमनराज तिमसिना र रुद्रराज



तिमसिना हुन् जसले डिल्लीराम तिमसिना फाउन्डेशनबाट प्रायोजन गरेका छन् । यो पुरस्कार कृष्णराज खनालले २००३ मा पाए र २००५ को भरत भारद्वाज र वन्या झाले दुइजनाले संयुक्त रुपमा लिए । २००७ को डा. दीपक खड्काको च्यात्न नसकेको चिठी उपन्यास विजयी घोषित भएको छ ।

'च्यात्न नसकेको चिठी' यो पुस्तक अनेसासबाट २००५ मा प्रकाशित लघुउपन्यास हो । यौटा पत्रमा मात्र यहाँ महासागर भर्ने प्रयत्न भएको छ । शैलीको दृष्टिले एउटै पत्रभित्र जीवनका शाश्वत सत्यहरु जो प्रेमसित सम्बन्धित छन्, तिनलाई समन्वित गर्न सक्नु लेखकको शैलीको विशेषता हो । यसले रुमानी प्रेममाथिको दार्शनिक चिन्तनको प्रतिनिधित्व गर्दछ ।

डा. दीपक खडका वि.सं २०१९ मा काभ्रे पस्थलीमा जन्मिएका हुन् । उनले इजराइलको बेन–गुअरिन विश्वविद्यालयबाट जीवन–शास्त्रमा विद्यावारिधि गरेका छन् र हाल न्यू जर्सीको चिकीत्सा एवं दन्तशास्त्र विश्वविद्यालयमा कार्यरत छन् । उनी लघुकथा, गद्य कविता र गजलका साहित्यिक अम्मली हुन् । विविध मिडियामा गजल प्रकाशित गरिरहे डा.खडकाको यो 'च्यात्न नसकेको चिठी' लघु उपन्यास चाहिँ पहिलो उपन्यास हो ।

४. **सर्वोत्कृष्ट नेपाली गीती कविताकालागि स्वर्गीय श्री हरिभक्त कटुवाल स्मृति पुस्तक पुरस्कारः**

गीति कविता, गीत, लोकगीत वा यिनको विषयमा लेखिएका पुस्तक मध्ये सबैभन्दा उत्कृष्ट पुस्तकलाई ने. रु. १५,०००।०० नगद छ । । यो पुरस्कार पहिले विष्णु बहादुर सिंह, दोस्रो पटक ज्ञानेन्द्र गदालले पाए भने यस वर्ष कमला प्रसाई ढकालको नाम विजयी घोषित भएको छ । यो पुरस्कारका प्रायोजक प्रणिता तथा आमोद कटवाल हुन् । प्रवासबाट नेपाली साहित्यलाई अमोघ सेवा पुराएका गीती कवि हरिभक्त कटुवालको संझनामा यो पुरस्कार राखेका हुन् ।

'म बिनाको मेरो जीवन' कविता तथा गीत संग्रह हो । यसका दुई खण्ड छन्–कविता खण्ड र गीत खण्ड । कविता खण्डमा चौबिसवटा कविता छन् भने गीति खन्डमा चौधवटा गीत छन् । अनेसासको २००६को प्रकाशन हो यो



। प्रकाशकीयमा मोहन सिटौला लेख्छन् – 'मूलतः यो एउटा सानो तर सुन्दर प्रणय प्राङ्गण हो ।'

कमला प्रसाईको जन्म - विसं २०२८, चैत्र , २८, धरान , घोपामा भएको हो । उनका कृतिहरू : गीति एलबम : नबिर्स मलाई , नयनका आँशु, नाटकः चितामाथिको लाश, भिडियो फिल्मको कथाबस्तुः खोई कहाँ छ उज्यालो ?, र विभिन्न पत्रपत्रिकामा लेख, रचनाहरू प्रकाशित, प्रशस्त अप्रकाशित कृतिहरू छन् । शिक्षण सेवा - १४ वर्ष । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, न्यूजर्सी च्याप्टरको उपाध्यक्ष, संस्थापक अध्यक्ष - एन एन्ड जे इन्टरटेन्मेन्ट इङ्क, N and J Entertainment Inc. NY. अनेसास वेभ जर्नालिज्म पुरष्कारकी प्रायोजक, संस्थापक । सम्मानः : बालगुरु षडानन्द पुरष्कार, नेपाल टिभि को ब्राइटर तिम्रो सुर मेरो गीत कार्यक्रममा निर्णायकको भूमिका निर्वाह गरे बापत ब्राइटर कार्यक्रमबाट सम्मानित, नारी विकास संघ केन्द्रीय कार्यालयबाट सम्मानित जेसिज, रेयुकाई , शिक्षा क्षेत्रबाट सम्मानित, एलायन्स फर डेमोक्रेसी तथा ह्युम्यान राइट्स्, न्यूयोर्कबाट भानु जयन्ती, २००५ मा गीततर्फ प्रथम पुरष्कार प्राप्त ।

५. **सर्वोत्कृष्ट वालसाहित्यका पुस्तकका लागि अनेसास शारा उत्कृष्ट वाल पुस्तक पुरस्कार**

वाल साहित्यका कृतिहरु मध्ये सबैभन्दा उत्कृष्ट कृतिलाई नेरु १५०००।०० नगद छ । । यो पुरस्कार पहिले २००५मा शाश्वत पराजुलीले पाए र २००७ कालागि काठमाडौं बूढानीलकण्ठ स्कूल गणितका शिक्षक गुहनाथ पौडेलको कपुरी क वालसाहित्य पुरस्कृत भएको छ । यो पुरस्कारका प्रायोजक अच्युत श्रेष्ठ हुन् । डायस्पोरामा वाल साहित्यको विकाश र वालवालिकाको चाख नेपालीमा बढाउने उद्देश्यले उनले पुरस्कार आफ्नी छोरीको नाममा राखेका हुन् । यसमा स्वर र व्यञ्जनलाई गीत्यात्मक रुपले प्रस्तुत गरिएको हुदा यो वाल उपयोगी अत्यन्त प्रभावकारी सरचनामा छ । कपुरी क, कपुरी क नेपाली भाषाको रङ्गीन चित्रले सजिएको 'नर्सरी राइम' हो ।



पौडेलका कृतिहरू र विभिन्न पत्रपत्रिकामा लेख, रचनाहरू प्रकाशित छन् ।

वाल साहित्यका कृतिहरु मध्ये सबैभन्दा उत्कृष्ट कृतिलाई नेरु १५०००।०० नगद छ । । यो पुरस्कार पहिले २००५मा शाश्वत पराजुलीले पाए र २००७ का लागि काठमाडौं त्रिभुवन विश्व विद्यालयमा गणितका शिक्षक गुहनाथ पौडेलको कपुरी क वालसाहित्य पुरस्कृत भएको छ । यसमा स्वर र व्यञ्जनलाई गीत्यात्मक रुपले प्रस्तुत गरिएको हुदा यो वाल उपयोगी अत्यन्त प्रभावकारी सरचनामा छ । कपुरी क, कपुरी क नेपाली भाषाको रङ्गीन चित्रले सजिएको 'नर्सरी राइम' हो । पौडेलका कृतिहरू र विभिन्न पत्रपत्रिकामा लेख, रचनाहरू प्रकाशित छन् ।

यो पुरस्कारका प्रायोजक अच्युत श्रेष्ठ हुन् । डायस्पोरामा वाल साहित्यको विकास र वालवालिकाको चाख नेपालीमा बढाउने उद्देश्यले उनले पुरस्कार आफ्नी छोरीको नाममा राखेका हुन् ।

६. **सर्वोत्कृष्ट हास्यव्यंग्यका पुस्तकका लागि अनेसास अनन्त उत्कृष्ट पुस्तक पुरस्कारः**

यो पुरस्कारको राशी ने रु १५,०००।०० नगद छ । यो पुरस्कारःको प्रायोजक कल्पना तथा अनन्त रिसाल हुन् । २००७ का लागि शिवप्रकाश पौडेल विजयी भएका छन् । विजयी कृति 'गोलमाल' हास्यव्यंग्य कविताहरुको संग्रह हो । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको प्रकाशन हो यो । भरखर ४२ टेकेका शिवप्रकाशले यो कृतिमा कालभन्दा माथिको अनुभव प्रस्तुत गरेका छन् । वि.सं. २०५३ मा उनको कृति 'जय नेताजी'को पुल तरेर यो 'गोलमाल'मा आइपुग्दा तुलनात्मक रुपले उनको लेखनकलाले सागरलाई फट्का मारेको छ । हास्य र व्यंग्यको सिर्जनामा रस निष्पत्ति, वक्रोक्तिवाद वा अभिव्यत्र्जनावाद वा बिंब योजनाका कुनै पनि दृष्टिले अध्ययन गर्न यसले ठाऊँ फराकिलो पारेको छ । हास्य र व्यंग्य वस्तुको हैसियतले पनि यसले नेपालको व्युरोकेसी होस् वा राजनीति वा यहाँका आप्रवासी नेपालीको समस्या होस् वा अमेरिकनका दुर्गुण हुन् कुनै पनि पक्ष न छुटाई, न बिर्सिकन यो 'गोलमाल'भित्र गाग्रीमा सागर भर्ने काम गरेका छन् । शूक्ष्म वक्रोक्तिभित्र शालीनतासाथ व्यापक अर्थ भर्न सक्नु नै 'गोलमाल'को गरीयता हो ।



वि.सं.२०२१मा, हरैंचा, मोरङमा जन्मी शिक्षामा स्नातक भएका शिवप्रकाश हाल बोष्टन, संयुक्त राज्य अमेरिकामा कार्यरत छन् । संलग्नताः अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको बोस्टन च्याप्टरको महासचिव, ग्रेटर बोस्ट नेपाली समाजको काकासदस्य, नेपाली जनसंपर्क समिति उत्तर अमेरिकाका प्रवक्ता, नेपाल अमेरिका पत्रकार संघका संस्थापक सदस्य रहेका छन् । उनले भारत, थाइल्याण्ड, सिङ्गापुर, जापान अमेरिका आदि ठाउको भ्रमण गरिसकेका छन् ।

७. **सर्वोत्कृष्ट धवलागिरि अञ्चलका पुस्तकका लागि अनेसास रोहिणी शर्मा सर्वोत्कृष्ट पुस्तक पुरस्कारः**

सर्वोत्कृष्ट धवलागिरि अञ्चलका पुस्तकका लागि अनेसास रोहिणी शर्मा सर्वोत्कृष्ट पुस्तक पुरस्कारको राशी ने.रु. १०,०००।०० छ । यस पुरस्कारका प्रायोजक अरिजोनाका रोहिणी शर्मा हुन् । यो पुरस्कार प्रथमपटक २००५मा लक्ष्मण गौतमले पाए र २००७ को लागि होमनाथ सुवेदीको 'आप्रवासको सुसेली' छानिएको कुरा एवार्ड कमिटीका अध्यक्ष सुमनराज तिमसिनाले जनाएका छन् । यो कृतिको परिचय दिदै प्रकाशकीयमा मोहन सिटौला लेख्छन्:



'यो 'आप्रवासका सुसेली' कविता संग्रह कवि होमनाथ सुवेदीको कविता मात्र न भएर नेपाली जातीय संस्कृतिलाई नेपाल बाहिर 'डायस्पोरा'मा नेपालकै जस्तो राष्ट्रिय भावभूमि निर्माण गर्ने अभियानमा नेपालीका अन्तर्राष्ट्रिय जगत्का महनीय चिन्तनको प्रतिबिम्ब हो, एक अविस्मरणीय दस्तावेज हो ।'

होमनाथ सुवेदीको भरखरै छापिएको 'यमपुरीको महल' उपन्यासलाई नेपाली साहित्यमा नै प्रथम डायास्पोरिक उपन्यास हो भनी प्रतिपादन गर्दै समालोचक डा. गोविन्दराज भट्टराईले डायास्पोरिक साहित्यको अनुशासनका सिद्धान्तहरूको अनुसन्धानात्मक भूमिका लेखेका छन् र हालैमा काठमाडौंमा भएको यसको विमोचन समारोहमा शिक्षामन्त्री तथा समालोचकहरुले यसलाई नेपाली डायास्पोराको प्रथम सफल नेपाली डायास्पोरिक उन्यास भनेर व्याख्या गरेका छन् । सुवेदीका करिब एक दर्जनभन्दा बढी अरु कृति प्रकाशित भैसकेका छन् । "अंकुर" उपन्यासका लागि रत्न श्रेष्ठ पश्चिमाञ्चल क्षेत्रीय पुरस्कार २०५४, २०६२ 'सूर्यनायण साहित्य पुरस्कार' , २०५४ मा ताकममा अभिनन्दन, १९९७मा 'अखिल नेपाली अमेरिकी सङ्गठन'द्वारा सम्मानको ताम्रपत्र प्राप्त, 'दि इन्टर्न्याशनल सोसाइटी अफ पोयट' (ISP) बाट "Poet of the Merit Award Medal" and "Outstanding Achievement in Poetry Silver Award Cup" प्राप्त, "Association of Nepalese in the Americas" र अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) एरिजोना नभाडा शाखाद्वारा अखिल नेपाली अमेरिकी संगठन (एएनए) को सम्मेलन क्षेत्र फिनिक्स अरिजोनामा जुलाई २, २००४ का दिन नेपाल बाहिर रही गर्दै आएको नेपाली भाषा र साहित्यको सेवाको कदरका साथै चौध वर्ष अगाडि अनेसास जस्तो अन्तर्राष्ट्रिय स्तरको संस्था स्थापना गर्न र नेपाली भाषा साहित्यलाई विश्वमा चिनाउन अग्रगामी भूमिका खेलेको संमानमा एक ताम्रपत्र (प्ल्याक)मा अंकित "नेपाल बाहिरका नेपाली साहित्यका अग्रज" ("Pioneer of Nepali Literature in the Nepali Diaspora") को उपाधि प्राप्त गरेका छन् ।

**८. सर्वोत्कृष्ट गन्डकी अञ्चलका पुस्तकका लागि अनेसास गन्डकी अञ्चल सर्वोत्कृष्ट पुस्तक पुरस्कार**

सर्वोत्कृष्ट गन्डकी अञ्चलका पुस्तकका लागि अनेसास गन्डकी अञ्चल सर्वोत्कृष्ट पुस्तक पुरस्कारको राशी ने रु १५,०००।०० छ । यसका प्रायोजक ईश्वर देवकोटा हुन् । क्षेत्रप्रताप अधिकारीलाई उनको 'युद्धका छायाहरू' कविता गीत संग्रहको निमित्त २००७ को पुरस्कार दिने घोषणा गरिएको छ । यसको प्रकाशक अक्षर प्रकाशन हो । १३४ पानाको छ । यो नेपालको गृहयुद्धकालको बेलाको युद्ध संबन्धी गीतहरु र कविताहरुको संगालो हो ।



क्षेत्रप्रताप अधिकारीको जन्म विक्रम संवत १९९९ चैत्र महिनामा मिर्लुङ गा. बि. स., तनहूँ, गण्डकी अन्चलमा भएको हो । शिक्षा स्नातकोत्तर । सेवामा साझाका अध्याक्ष रहिसकेको । हाल अध्यक्ष नेपाल कलेज अफ म्यानेजमेन्ट, नयाँ बानेस्वर, काठमाण्डौमा कार्यरत । प्रकाशित कृतिहरुमा अनुवाद कविता, कथा, उपन्यास ग्रन्थ ७, मौलिक कृतिमा गीत कविता संग्रह ७ वटा र जापानी साहित्यको इतिहास १ रहेका छन ।

**९. सर्वोत्कृष्ट वागमती अञ्चलका पुस्तकका लागि अनेसास लक्ष्मण सत्याल सर्वोत्कृष्ट पुस्तक पुरस्कार,**

सर्वोत्कृष्ट वाग्मती अञ्चलका पुस्तकका लागि अनेसास लक्ष्मण सत्याल सर्वोत्कृष्ट पुस्तक पुरस्कारको राशी ने रु



१५,०००।०० छ । यसको प्रायोजन साउथराइडिङ्ग, भर्जिनियाका लक्ष्मण सत्यालले गरेका हुन् । यो २००७ को लागि 'नविर्सने दिनहरू' नियात्रा संग्रहको निमित्त श्री ओम श्रेष्ठ 'रोदन'ले जितेका छन् । 'नविर्सने दिनहरू' नियात्रा संग्रह हो । यो साझाको प्रकाशन हो । यो ९६ पेजको छ ।

विजेताको श्री ओम श्रेष्ठ 'रोदन' हाल गोरखापत्र संस्थान बाठमाडौमा कार्यकारी सम्पादक छन् ।

**Shree Om Shretha "Rodan"**
Jhamsikhel
P.O. B. No. 9456 , Kathamandu, Nepal
Phone: 5-525634
Mobile; 98510-45612
E-mail; shreeom@hotmail.com/shreeom_rodan@yahoo.com

**१०. सर्वोत्कृष्ट नारायणी अञ्चलका पुस्तकका लागि अनेसास गोविन्द गिरी "प्रेरणा" सर्वोत्कृष्ट पुस्तक पुरस्कार**

सर्वोत्कृष्ट नारायणी अञ्चलका पुस्तकका लागि अनेसास गोविन्द गिरी "प्रेरणा" सर्वोत्कृष्ट पुस्तक पुरस्कारको प्रायोजन



गोविन्द गिरि 'प्रेरणा'ले गरेका हुन् । यो पुरस्कारको राशी ने रु १५,०००।०० हो । २००७ को लागि रुकु कार्कीको 'मधुरिमा' उपन्यासले यो पुरस्कार जितेको छ । यो सामाजिक उपन्यास हो । यो २०६३ मा प्रकाशित, पृ१२४ को छ । यसमा १८ वटा अध्याय छन् । कथानक सरल छ । भाषा सरल र भाव आदर्शवादी छ । यो प्रेम प्रधान उपन्यास भएकोले प्रेमको शाश्वत सत्यलाई अगाडि सार्दै केही गल्ती भए पनि समाज सेवाबाट त्यसको प्रायश्चित्त गर्न सकिन्छ भन्ने सन्देश यसको छ ।

**रुकु कार्की**को जन्म वि.सं. २०१५मा गजुरी, धाधिङ्गमा भएको तर विवाह हेतौंडा हो । हाल बागडोल ललितपुर । उनको 'मधुरिमा' छैटौं प्रकाशन हो । उनका अरु प्रकाशन हुन्: रुकु कार्कीका कविताहरु, कस्तो युग आयो (गीतकविता संग्रह), अज्ञात मनका सपनाहरु (कविता संग्रह), आँसुले व्यथा मेटिने भए (गीत संग्रह २०६०), आफ्नै जीवन र अनुभूतिहरु (स्मरण संग्रह २०६२), मधुरिमा (सामाजिक उपन्यास २०६३) । प्राप्त पुरस्कार बनिता सम्मान, विराटनगरबाट २०६३, भीमविराग सङ्गीत साहित्य कला प्रतिष्ठानबाट, तुलसीमाया शिवकुमारी नारी पुरस्कार २०६३ ।

**११.सर्वोत्कृष्ट जनकपुर अञ्चलका पुस्तकका लागि अनेसास ठाकुर प्रसाद रेग्मी सर्वोत्कृष्ट पुस्तक पुरस्कार**

सर्वोत्कृष्ट जनकपुर अञ्चलका पुस्तकका लागि अनेसास ठाकुर प्रसाद रेग्मी सर्वोत्कृष्ट पुस्तक पुरस्कारको राशी ने रु



१५,०००।०० छ । यसकी प्रायोजक प्रशन्ना रेग्मी हुन् । आफ्ना हजुरबाले जनकपुरमा दिएको शिक्षाको स्मृतिमा यो पुरस्कार राखिएको हो । २००७को लागि यो पुरस्कार 'संझनाको झरी अमेरिकामा घरिघरी'ले जितेको छ । प्रमिला शर्माको "सम्झनाको झरी, अमेरिकामा घरी घरी (नियात्रा संग्रह)को प्रकाशन अनेसास कोलोराडो केन्द्रबाट २००५मा भएको हो । ११वटा नियात्रा भएको, ८० पृष्ठको यो नियात्रा संग्रह प्रमिलाको दोस्रो कृति हो । यसमा अमेरिका घुम्दा भेटे र अनुभव गरेका स्थल र अनुभूतिको आलेख छ ।

प्रमिला शर्माको जन्म जनवरी १, १९५२, मनहरा महोत्तरी हो । शिक्षा एम्.ए. मनोविज्ञान त्रि.वि.वि. । उनका प्रकाशित कृति हुन् : प्रेमको खोजीमा (कथा संग्रह २००४), मेरो गीत सीडी, सम्झनाको झरी अमेरिकामा घरी घरी(नियात्रा संग्रह २००५) । ऐले उनी अनेसास कोलोराडो च्याप्टरको कोषाध्यक्ष र अनेसासको केन्द्रको बोर्ड अफ ट्रस्टीजकी निर्देषक छिन् ।

**१२. सर्वोत्कृष्ट कोशी अञ्चलका पुस्तकका लागि अनेसास चेतनाथ घिमिरे सर्वोत्कृष्ट पुस्तक पुरस्कार**

सर्वोत्कृष्ट कोशी अञ्चलका पुस्तकका लागि अनेसास चेतनाथ घिमिरे सर्वोत्कृष्ट पुस्तक पुरस्कारको राशी ने रु १५,०००।०० छ । यसको प्रायोजन एटलान्टाका चेतनाथ घिमिरेले गरेका हुन् । यसको विजेता 'कविताको



संरचनात्मक विश्लेषण' समालोचना हो । यसका लेखक डा.खगेन्द्र प्रसाद लुइटेल हुन् । यो पुस्तक विद्यावारिधिको शोध प्रबन्ध– कविताको संरचनात्मक विश्लेषण २०५८ को पुस्तकाकार कृति हो । यो कृति नेपाली समालोचना क्षेत्रमा नौलो आयाम लिएर आएको छ । कविताको सिद्धान्त र प्रयोगमा संरचनावाद र व्याख्या विश्लेषणमा यो केन्द्रित छ । ५५२ पेजको यो ठूलो आकारको कृतिमा भएका प्रा.मोहनराज शर्मा, डा. वल्लमणी दाहाल, डा. अभि सुवेदी, डा. गोविन्दराज भट्टराई र डा. तुलसीप्रसाद भटराईका मन्तव्यहरु, सबैले एकमतले 'यो शोध ग्रन्थ नेपालीको सबैभन्दा स्तरीय र मानकशोध प्रवन्ध हो भन्ने कुरा मानेका छन् । डा. खगेन्द्र प्रसाद लुइटेलको जन्म–सोलमा, कालीमाटी, तेह्रथुम, कोशीमा मिति २०१८ साल पुष २५ को दिन भएको हो । शिक्षा एम. ए. नेपाली विद्यावारिधि (भाषा विज्ञान) । पेशा प्रध्यापक र त्रिविवि, नेपाली केन्द्रिय विभाग किर्तिपुर । प्रकाशित कृतिहरुको सूची ३७ पुगेको छ । ती मध्ये खास यी हुन् : गाइड उपन्यास, अंग्रेजीबाट नेपालीमा अनुवाद २०४९, नेपाली कवि र कविता २०५४, आधुनिक नेपाली समालोचना २०५७, नेपाली काव्य र साहित्य २०६०, पुर्वीय र पाश्चात्य साहित्य सिद्धान्त, २०६१, लोकवार्ता विज्ञान र लोक साहित्य, २०६३, कविताको संरचनात्मक विश्लेषण २०६२ ।

**१३. सर्वोत्कृष्ट मेची अञ्चलका पुस्तकका लागि अनेसास सीता पान्डे सर्वोत्कृष्ट पुस्तक पुरस्कार**

सर्वोत्कृष्ट मेची अञ्चलका पुस्तकका लागि अनेसास सीता पान्डे सर्वोत्कृष्ट पुस्तक पुरस्कारको राशी ने रु १५,०००।०० छ । यसको प्रायोजन सीता पाण्डेले गरेकी हुन् । यस वर्ष यो पुरस्कारको लागि **अनाम पहाडमा फनफनी** विजयी घोषित भएको छ । यसका लेखक युवाराज नयाँघरे हुन् । यो निवन्ध विधामा नियात्रा संग्रह हो । यो साझाको



प्रकाशन हो । यसमा १७९ पृष्टमा १७ वटा नियात्राहरु अटाएका छन् । द राइजिंग नेपाल लेख्छः The book Anam Pahadma Fanfani can be taken as one of the best books published last years ( the Rising Nepal, Kathmandu, Friday June 23, 2006)."

युवराज नयाँघरेको जन्म २०२६/०६/१९, शुक्रबारे, इलाममा, मेचीमा भएको हो । हाल दमक झापामा ।

शिक्षा स्नातक त्रि.वि.वि.। लेखन प्रारम्भः २०४० को भानुपत्रिकामा प्रकाशित कृति हो । युगराज नयाँघरे पछिल्लो पुस्तामा, सशक्त निबन्ध लेख्ने पाठकले रुचाएका निबन्धकारका रुपमा स्थापित निवन्धकार हुन् ।

डायस्पोराबाट जन्मभूमि संभेर आआफ्नो अन्चलसित प्रायोजकको पनि नाम जोडियोस् भनेर अनेसासले अन्चलको नामसित प्रायोजकको पनि नाम जोडी पुरस्कारको नाम तोक्ने गरेको छ । जसले गर्दा लेखक, प्रायोजक र अन्चल जोडिएर आउँछन्, यो सबैतिरबाट प्रशंशनीय र अनुकरणीय भएको छ । यसरी ऐले संम ७ वटा अन्चलका पुरस्कार स्थापित भएका छन् । यी अञ्चलको वर्गबाट दिइने पुरस्कारहरू, एन्आर्एन्को सेवा काठमाडौंमा मात्र

केन्द्रित नभै मोफसलमा पनि पुगोस् भन्ने धारणाले सञ्चालन गरिएको हो । नम्बर १ देखि ६ सम्मका एवार्डहरुमा सबै ठाउँका लेखकले भाग लिन सक्तछन् ।

**ख.साहित्यका अरु पुरस्कार**

**१. अनेसास–बुढाथोकी अनलाइन राइटर्र एवार्ड**



**"अनेसास–बुढाथोकी अनलाइन राइटर्र एवार्ड** २००७" कमला सरुपले प्रायोजन गरेको हो । यो ७०००।०० रुपियाको छ । गत वर्ष विभोर बरालले पाएका थिए भने यस वर्ष **"Statue of Liberty and Me"** मा गोपाल पराजुली छानिएका छन् । गोपाल पराजुलीले २००५ को अन्तर्राष्ट्रिय नेपाली साहित्य सर्वोत्कृष्ट पुस्तक पुरस्कार रु ५०,०००।०० नगद र मदन पुरस्कार पनि जितिसकेका छन् । उनी साझाबाट प्रकशित हुने गरिमाका सम्पादक हुन् । डायास्पोरा साहित्यको स्थान सुरक्षित हुनुपर्छ भन्ने सशक्त विचार उनको रहेको छ ।

**२. अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) नारायण एन्ड जयन्ता प्रसाई नेपाली साहित्य वेव पत्रकारिता अवार्ड:**

यो अनेसासले आजको परिवेशलाई आकलन गरेर वेभ साहित्य र त्यसको पत्रकारितालाई प्रोत्साहित गर्न स्थापना गरेको हो । यो पनि रु. १५०००।०० को छ । कमला प्रसाई ढकालले आफ्नो पिता नारायण प्रसाईको संझनामा यसको प्रायोजन गरेकी हुन् । यो पुरस्कार हरएक वर्ष दिइन्छ । यस अघि फिनेपालडटकमका संस्थापक, रुसका डा.मधुकृष्ण श्रेष्ठलाई प्रदान गरिएको थियो ।



यस वर्षको 'अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) नारायण एन्ड जयन्ता प्रसाई नेपाली साहित्य वेव पत्रकारिता अवार्ड २००७' मा अनलाइन पत्रिका नेपाल जापान डट कम विजयी भएको छ । यो पुरस्कार नेपाल जापान डटकमका संस्थापक तथा प्रधान संपादक डा. कुमार बस्नेतलाई प्रदान गर्ने कुरा अनेसास एवार्ड कमिटिले घोषणा गरेको छ ।

डा. कुमार बस्नेतको जन्म : ५ मे १९७४ वाड भञ्ज्याङ्ग, थानकोट, काठमाडौं भएको हो । शिक्षा : स्नातकोत्तर र विद्यावारिधि : सोफिया विश्वविद्यालय, टोक्यो (विषय : इलेक्ट्रीकल इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग) । पेसा : हिताचि जिएसटी, जापान (हार्ड डिक्स ड्राइभ) को बिजिनेस युनिट ।

नेपाल जापान डटकमको परिचय दिदै कुमार बस्नेत भन्छन् : यसको लोकप्रियता संगै विभिन्न देशमा यस्ता अनलाइनहरु शुरु हुन थाले जुन आफैमा यसको ठूलो योगदान मान्न सकिन्छ, एक किसिमले यसले प्रवासी नेपाली बीच अनलाइन अभियान नै शुरु ग्यो । साथै नेपालजापान डटकमको मुटु भनेको प्रवासी नेपालीको साहित्य हो । हामीले प्रत्येक हप्ता प्रवासी नेपालीद्वारा लेखिएका साहित्यिक सामाग्रीहरु पस्कने गर्छौ जसमा प्रवासमा बस्ने ठूला साहित्यकार देखि साहित्यमा अभिरुचि राख्ने व्यक्तित्वहरुले पनि सामाग्रीहरु पठाई ठूलो योगदान गरिरहनु भएको छ ।

हो, नेपालजापानडटकम यो क्षेत्रको यौटा इमानदार, ख्यातिप्राप्त वेभपत्रिका हो । यस अनलाइनको संस्थापक तथा प्रधान सम्पादकको रुपमा डा.कुमार बस्नेतको महनीय योगदान रहेकाले यो एवार्डले उनलाई शोभा दिएको छ ।

**३. नेपाली डायास्पोरा साहित्य पुरस्कार (एन्आर्एन्) :**

एन्आर्एन्का शिर्षस्थ पदाधिकारीहरु डा. उपेन्द्र महतो, डा. जिवा लामिछाने र डा. श्याम कार्कीको अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजसित मिले नेपाली डायास्पोरा साहित्यको विकासमा प्रोत्साहन गर्न पुरस्कारहरु राख्ने

इच्छा अनुरुप यी तलका तीनवटा पुरस्कार यसै वर्ष स्थापना भए र तिनको मनोनयन आह्वान गरी मूल्याङ्कन मण्डलको निर्णयानुसार अनेसास पुरस्कार समितिका अध्यक्ष सुमन तिमसिनाले निम्नानुसारको परिणाम घोषणा गरेका छन् ।

१. प्रथम अनेसास डायास्पोरा नृपध्वज कार्की नेपाली साहित्य पुरस्कार श्री होमनाथ सुवेदीलाई प्रदान गरिने भएको छ । अनेसास विश्वव्यापी भएको भन्दा केही सन्देह छैन । यस संस्थामा संलग्न हुनु यौटा राम्रो अनुभव हो । आज डायस्पोरामा नेपाली भाषा र साहित्यमा रुची राख्ने र सेवा गर्ने सबै यस संस्थासंग कुनै न कुनै रुपमा संलग्न भएकै छन् । त्यस्ता कुरालाई ध्यानमा राखेर अनेसासले यौटा नियम बमोजिम अनेसास पुरस्कार समितिका सदस्य र तिनीहरुका सम्बन्धी बाहेक सबैलाई अनेसास पुरस्कार प्रतियोगितामा सामेल हुन प्रोत्साहन गर्नेगरेको छ । यसै अन्तर्गत अनेसासका वयस्क सदस्य र संस्थापक अध्यक्ष श्री होमनाथ सुवेदीको नाम पनि नृपध्वज कार्की पुरस्कारका लागि पेश गरिएको थियो । वहाँ र उहाँका सम्बन्धी पुरस्कार समितिबाट राजिनामा दिएर धेरै महिना अगाडि नै बाहिर भै सकेकोले उहाँको नाम पनि अन्य प्रतियोगी सहित सबै नाम  पुरस्कार समितिले चयन मण्डलीलाई पठायो र चयन मण्डलीको सिफारिस अनुसार श्री होमनाथ सुवेदीलाई पुरस्कृत गर्ने निर्णय गरियो । डायास्पोरामा महत्वपूर्ण योगदान गर्ने नेपाली भाषाका साहित्यकार भएकोले वहाँलाई यो डायास्पोरा नृपध्वज कार्की नेपाली साहित्य पुरस्कार–२००७ प्रदान गर्ने निर्णय गरिएको हो । यो पुरस्कारमा नगद डलर ५००।०० र प्ल्याक छ । उहाँका १३ वटा पुस्तकाकार कृति र सयभन्दा बढी सिर्जनाहरु प्रकाशित छन् । उहाँको बारेमा त्रिभुवन वि.वि.ले पनि अनुशीलन गराइसकेको छ ।  यो पुरस्कारको  प्रायोजन डा. श्याम कार्की र इन्दिरा फाउन्डेशनल गरेको हो ।

२. प्रथम अनेसास डायास्पोरा खेमलाल हरिकला लामिछाने पुरस्कार श्री वालकृष्ण शर्मालाई  प्रदान गरिने भएको छ । डायास्पोरामा महत्वपूर्ण नेपाली भाषा साहित्यका योगदानबारेमा अनुसन्धान गरेकोले वहाँलाई यो पुरस्कारबाट सम्मान गर्ने निर्णय गरिएको हो । यो पुरस्कारमा नगद डलर ५००।०० र प्ल्याक छ ।  उहाँ सरस्वती क्याम्पसमा प्राध्यापक हुनुहुन्छ ।  यो डायास्पोरिक साहित्यको अनुसन्धानमा प्रोत्साहित गर्नको लागि एन्आर्एन्का सक्रिय व्यक्तित्व श्री जिवा लामिछाने (रसिया) ले प्रायोजन गर्नुभएको हो ।

३. प्रथम अनेसास डायास्पोरा फूलकुमारी महतो स्मृति पुरस्कार नेपाली केन्द्रीय शिक्षण विभाग, त्रिभुवन विश्वविद्यालयलाई   प्रदान गरिने भएको छ । डायास्पोरामा महत्वपूर्ण योगदान गर्ने नेपाली भाषाका साहित्यकार र उनका कृतिबारेमा अनुसन्धान गराउनको लागि यो फेलोशिप त्रि.वि.वि. को नेपाली विभागलाई दिने निर्णय कमिटीले गरेको हो । यो पुरस्कारमा नगद डलर ५००।०० र अनुसन्धाता उपस्थित भएमा प्ल्याक पनि प्रदान गरिन्छ ।  यो फेलोशिप डायास्पोरिक साहित्यको अनुसन्धानमा प्रोत्साहित गर्नको लागि एन्आर्एन्का संस्थापक अध्यक्ष डा. उपेन्द्र महतो (रसिया) ले प्रायोजन गर्नुभएको हो ।

यी तीनवटै पुरस्कारहरू यस वर्ष एन्आर्एन्कन्फेरेन्समा काठमाडौंमा यही अक्टोबर १४को दिन वितरण गरिनेछ । भविष्यमा पनि प्रत्येक दु-दुई वर्षमा हुने एन्आरएन् वर्ल्ड कन्फेरेन्समा यी तीनवटै पुरस्कारहरु वितरण गर्ने निर्णय अनेसास-एन्आर्एन् एवार्ड कमिटीले गरिसकेको कुरा पनि अनेसास पुरस्कार समितिले जनाएको छ ।

अन्तमा

आप्रवासीबाट यी पुरस्कारहरुको सपना पूरा गर्न जनवरी ११, १९९१ अनेसासको स्थापना गर्ने यसका संस्थापकहरु  आज पनि उतिकै स्मरणीय छन् जसले एन्आर्एन्को आजको कदमलाई एक सोपानमाथि उठेर नेपाली भाषा साहित्य र संस्कृतिको क्षेत्रमा हामी आप्रवासी सदासर्वदा सचेत थियौं र छौं र रहनेछौं अनि आजको बढ्दो आप्रवासी र नेपाली मूलका विदेशमा बस्ने नेपालीलाई एन्आर्एन्–आइसिसीको एक सूत्रमा आवद्ध गराएर लैजान अग्रसर छौं भन्ने अनुभूति गरिरहेछौं । डायास्पोरामा नेपाली भाषा र साहित्यमा सेवा गर्नेलाई प्रोत्साहित गर्न अनेसास ⁄एन्आर्एन् एवार्डको स्थापना भएको छ । हरएक दुदुई वर्षमा एन्आर्एन्को कन्फेरेन्समा प्रदान गरिने यो एवार्डले एन्आर्एन्को भाषा साहित्य क्षेत्रको काम गर्न आईएन्एस् अनुवन्धित भएको छ । यी एवार्डहरुले आईएन्एस्⁄एन्आर्एन् मात्र हैन समस्त आप्रवासीले नेपाल बाहिर र नेपालभित्र सेवा पुराउने र सेवा गर्नेको पनि

मूल्याङ्कन गरेर एवार्ड दिने यो परिपाटीले नेपालीको पहिचान दिगो राख्न र सम्वर्धनमा प्रोत्साहित गर्न महत्वपूर्ण भूमिका खेल्छन् भन्ने कुरामा कुनै विवाद रहन्न । त्यसैले डायास्पोराबाट संचालित भाषा र साहित्यका यी पुरस्कारहरूको विराट महिमा छ ।

(अनेसासएन्आर्एन् कविता महोत्सव तयारी समितिबाट प्रकाशित पुस्तिका 'नेपाली डायास्पोराका पुरस्कारको सिंहावलोकन', अक्टोबर १४, २००७ बाट साभार) ।

o